

# ८ सानाभन्दा साना यी मेरा भाई तथा बहिनीहरु

***यस अध्यायका मूल पदहरू:*** मत्ती ५:२-१६, ३८-४८, रोमी १२:२०,२१, लूका १६:१९-३१, १२:१३-२१ र मत्ती २५:३१-४६।

***यस अध्यायको मूल सार पद:*** **"अनि राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन् "निश्चय गरि म भन्दछु, सानाभन्दा साना यी भाइ (बहिनी)हरूलाई तिमीहरूले जे गर्‍यौ त्यो मलाई नै गरेको हुन्छ"।" (मत्ती २५:४० रूपान्तरित)।**

अरूहरूप्रति, विशेष गरेर हराएका र दु:खमा परेकाहरूप्रति चासो देखाएर येशूले बिताउनुभएको जीवन हामीले देखेपछि अरूको हेरचाह वा सेवा गर्ने मामिलामा उहाँले धेरै कुराहरू भन्नुहुनेछ भनेर हामी अपेक्षा गर्न सक्छौं। हो, अरूको परोपकारको निम्ति उहाँले धेरै वचनहरू राख्नुभएको थियो।

सिद्ध, सनातन, सृष्टिकर्ता परमेश्वरका भक्तहरू हौं भनेर कसरी देखाउने भनेर येशूले आफ्नो शिक्षादीक्षा र कामद्वारा प्रमाणित गरेर देखाउनुभएको थियो। उहाँका अर्तीहरू व्यवहारिक छन्। जसरी येशू यस संसारमा रहनुहुँदा उहाँले मानिसहरूको न्यायोचित व्यवहार गर्नुभएको थियो। तिनीहरूलाई दया, करुणा र माया देखाउनुभएको थियो। यदि हामी येशूका भक्त हौं भनेर दावी गर्छौं भने हामी पनि उहाँले देखाउनुभएको बाटोमा हिंड्न उहाँ हामीलाई आह्वान गर्नुहुन्छ। यदि हामी उहाँको अनुकरणीय उदाहरण अनुसार चल्यौं भने हामीले पनि उहाँले जस्तै अरूको सेवा गर्नेछौं। परमेश्वरको राज्य कुनै मनगढ्न्ते वा भविष्यको आदर्श राज्य नभएर अहिले नै हामीले अनुभव गर्नुपर्ने राज्य हो भन्ने परमेश्वरको राज्यको परिभाषा येशूको हो। येशूका भक्तहरूले देखाउने प्राथमिकता, मूल्यमान्यता र नैतिकता पृथ्वीका राज्य तथा समाजहरूमा पाइने भन्दा फरक हुन्छन्। येशूले उहाँको राज्यको नक्सा हाम्रो सामु राख्नुभएको छ। त्यसमा हामीले परमेश्वरको सेवा कसरी गर्ने र उहाँलाई सेवा गर्ने क्रममा हामीले एक आपसमा कसरी व्यवहार गर्ने भन्ने

विषयवस्तुमा जोडदार केन्द्रित गरिएको छ। अरूको आवश्यकतामा सेवागर्नु र अरूहरूको उत्थानमा अग्रसर भएर चल्नु नै सिधै परमेश्वरको सेवा गर्नु हो भनेर यस अध्यायमा हामी पत्ता लगाउनेछौं।

## १. डाँडामा दिनुभएको उपदेशको परिचय

येशूका प्रवचनहरूमध्ये सबभन्दा लामोचाहिँ डाँडामा दिनुभएको उपदेश हो। यो येशूका आदर्श र मौलिक शिक्षाहरूको संगालो हो। उहाँको यो शिक्षा तिन अध्यायमा फैलिएको छ। उहाँको प्रवचनको सुरूमा परमेश्वरको आदर्श राज्यको मूल्यमान्यताको व्याख्या गर्नुभएको थियो। (त्यो व्याख्यालाई सरल नेपालीमा "शिक्षा" भनेर अनुवाद गरिएतापनि त्यसलाई अङ्ग्रेजीमा बिआटिट्युड (Beatitudes) भनेर कहलाइन्छ। यसको गहिरो अर्थ छ। यसको अर्थ आशिर्वचन, चरम सुख, परमानन्द वा स्वर्गसुख भनेर शब्दकोषले भनेका छन्। यथार्थमा जसले येशूमाथि आस्था राखेर उहाँको वर्तमान र भविष्यको स्वर्गीय राज्यको उपभोग गर्न चाहन्छ उसको मनस्थिति वा नीति अर्थात् नैतिक आचरणले स्वर्गको नागरिकतामा हुनुपर्ने गुणहरूलाई प्रतिबिम्बित गर्नुपर्छ)।

**मत्ती ५:२-१६मा ती मानिसहरूले उहाँको आशिष पाउनेछन् जसमा नौवटा गुणहरू तिनीहरूमा हुन्छ। ती गुणले सम्पन्न मानिसहरू "धन्य, श्यावास" वा "सच्चिदानन्द, स्वर्गीय आनन्द"ले सुसोभित हुनेछन् भनेर येशूले वचन दिनुभएको थियो। त्यसकारण येशूको मार्गमा हिँड्ने मानिसहरूमा के नवरत्न वा गुणहरू हुनुपर्छ? हेर्नुहोस्: "१ भीड़लाई देखेर उहाँ डाँड़ामा उक्लनुभयो, र उहाँ बस्नुभएपछि चेलाहरू उहाँकहाँ आए। २ उहाँले मुख खोल्नुभयो र तिनीहरूलाई शिक्षा दिन लाग्नुभयो: ३ "धन्य *आत्मामा दीन हुनेहरू,* किनभने स्वर्गको राज्य तिनीहरूको हो। ४ धन्य *शोक गर्नेहरू,* किनभने तिनीहरूले सान्त्वना पाउनेछन्। ५ धन्य *नम्रहरू,* किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।**

**६ धन्य *धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू,* किनभने तिनीहरू तृप्त हुनेछन्। ७ धन्य *दयावन्तहरू,* किनभने तिनीहरूले दया पाउनेछन्। ८ धन्य *शुद्ध हृदय हुनेहरू,* किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्। ९ धन्य *मेलमिलाप गराउनेहरू,* किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्। १० धन्य *धार्मिकताको निम्ति सताइनेहरू,* किनभने स्वर्गको राज्य तिनीहरूको हो। ११ "धन्य हौ तिमीहरू, *जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर***

*तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्।* १२ तब रमाओ, र अत्यन्तै खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए। १३ "तिमीहरू पृथ्वीका नून हौ, तर नूनको स्वाद गयो भने त्यो केले फेरि नुनिलो पारिने र? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन। १४ "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।**

येशूले दिनुभएका यी आशिर्वचनहरू केवल आध्यात्मिक जीवनमा लागु हुनको लागि मात्र हो भनेर नभनिकन व्यवाहारिक जीवनमा पनि लागु गर्नुपर्ने हुन्छ। हामीमा र संसारमा हुने गरिवपनालाई हामीले चिन्नुपर्छ भनेर येशूले चर्चा गर्नुहुन्छ (पैसामामात्र होइन, हामीहरू कुनै कुरामा असन्तुष्ट भइरहनलाई पनि हामीहरूमा गरिबी छ भनेर मान्नुपर्छ)। उहाँले हामीमा हुनुपर्ने धार्मिकता वा कुनै कुनै अनुवादमा न्यायोचित भनिएको छ, नम्रता, दिनता, करूणा वा दया, शान्तिको निम्ति पहल र शुद्ध हृदयको बारेमा चासो देखाउनुहुन्छ। यदि हामीहरू ती गुणहरूले सुसज्जित भएर व्यवहारिकरूपमा चल्यौं भने हामीहरूको व्यवहारिक जीवन र हामी रहेको संसार कति फरक हुन्थ्यो होला। उहाँले ती व्यवहारिक गुणहरू उल्लेख गरेपछि तिनीहरूमा लाग्ने उहाँका भक्तहरू संसारको नुन र बत्ती हुनेछभन् भनेर उहाँले ठोकुवा गर्नुहुन्छ (मत्ती ५:१३-१६)। यदि हामीले ठिकसँग प्रयोग गर्‍यौं भने नुन र बत्तीले जीवनलाई फरक पार्दछ। नुनले हामीलाई स्वाद दिन्छ साथै खानेकुरालाई यसले सुरक्षित राख्दछ। यसको अर्थ हाम्रो वरिपरि रहेका मानिसहरूको निम्ति असल काम गरेर स्वादिलो हुनुपर्छ भन्न खोजेको हो। त्यसरी नै बत्तीले अन्धकारलाई हटाउँछ। बत्तीले अन्धकारमा भएका बाधाहरू र अपठ्यारो वा दुःखदिने कुराहरूलाई देखाउँदछ। यसले घरमा र सहरमा हिंडडुल गर्न र सुरक्षित हुन सजिलो पार्दछ। अन्धकारमा ज्योति हुनुभनेको येशूको मत अनुसार "मानिसहरूको सामु तिम्रो ज्योति बलोस् ताकि तिमीहरूको असल काम तिनीहरूले देखून र स्वर्गमा हुनुहुने तिमीहरूको पिताको महिमा गरुन्" (मत्ती ५:१६ रूपान्तरित)।

दुवै नुन र बत्तीको विशेष अर्थ छ। येशूका चेलाहरू हुने वातावरणलाई राम्रो प्रभाव दिने र सुधार गर्ने जिम्मेवारी उहाँले तिनीहरूलाई दिनुभएको थियो। जब हामी धर्मपरायण, न्यायोचित, ठिक जीवन बिताउँछौं, शुद्ध हृदयले नम्रतालाई व्यवहारमा उतार्छौं, दया तथा करुणा देखाउँछौं, शान्तस्वभाव वा शान्तिको निम्ति पहल गर्छौं र कुनै पनि पीडा वा दवावलाई सहन्छौं तब हामी नुन र बत्ती हुन जान्छौं। त्यसकारण संसारका कतिपय समयमा कतिपय मानिसहरूले कम मूल्य ठानेका वा आफ्ना प्रतिष्ठाको निम्ति ती गुणहरूलाई पन्छाएर अघि बढ्नुपर्छ भन्ने सोच र अभियानमा नलागेर ती नवरत्नहरू आफ्ना भक्तहरूमा हुनुपर्छ भनेर आह्वान गर्नुहुन्छ।

**तपाईंको चर्च तपाईंको समाजमा कसरी नुन र बत्ती भएर काम गरिरहेको छ? तपाईंको चर्च तपाईंको समाजमा सक्रिय भएकोले तपाईंको समाज कसरी अझ असल हुन पुगेको छ? यदि ती गुणहरू तपाईंमा र तपाईंको समाजमा भएनन् भने तपाईंको समाज कस्तो हुने होला?**

## २. खराबीलाई असलले जित्नु

जुन परिवेसमा येशूले शिक्षादीक्षा दिइरहनुभएको थियो त्यस वातावरणलाई जान्नु उचित हुन्छ। येशूले सम्बोधन गर्नुभएका मानिसहरू कुन खालका र कुन परिस्थितिमा थिए भनेर थाहा पाउनु जरुरी छ। जुन क्षेत्रहरूमा येशूले मानिसहरूको सेवाकार्य गर्नुभएको थियो ती क्षेत्रहरूका असंख्य मानिसहरू उहाँप्रति आकर्षित भएका थिए (मत्ती ४:२५ "अनि गालील, डेकापोलिस, यरूशलेम, यहूदिया र यर्दन पारिदेखिका ठूला भीड़हरू उहाँको पछि लागे")। प्रायजसो ती मानिसहरू सर्वसाधारण जनताहरू थिए। तिनीहरू रोमी साम्राज्यका गोरा शासकहरू अन्तर्गत जिविका चलाइरहेका थिए। उहाँले सम्बोधन गर्नुभएको भिँडमा कोही यहूदी शासक वा अगुवाहरू र धार्मिक पण्डितहरू पनि थिए। सर्वसाधारण मानिसहरूको जीवन कष्टकर थियो। तिनीहरूले करको भारि बोक्नुपरेको थियो त्यसमा पनि धर्मको नाउँमा अनेकौं परम्परा, संस्कार र विधिहरू पालन गर्नुपर्दा तिनीहरूले आफ्नो जीवनको अर्थ नभएको महसुस गरेका थिए।

विदेश आक्रमणकारीबाट थिचिएका, आफ्नै धर्मगुरुहरूबाट धर्मको नाउँमा पेलिएका जनतालाई आफ्नो चासो देखाउँदै येशूले असल र सही जीवन जिउन आह्वान गर्नुभएको थियो। जोसुकै भएतापनि वा जुनसुकै परिस्थितिमा भएतापनि तिनीहरू साहसिलो र मर्यादा तथा सम्मानपूर्वक जिउने तिनीहरूको अधिकार

भएको उहाँले प्रष्ट पार्नुभएको थियो। येशूले आग्रह गर्नुभएको मत्ती ५:३८-४८ अत्यन्तै उल्लेखनीय छ। हेर्नुहोस्: "३८ तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो, "आँखाको बदला आँखा, र दाँतको बदला दाँत।" ३९ तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला नगर। जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ। ४० यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल। ४१ यदि कसैले तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुई किलोमिटर गइदेऊ। ४२ तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर। ४३ तिमीहरूले यसो भनेको सुनेका छौ, "तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।" ४४ तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। ४६ किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छरु के कर उठाउनेहरूले पनि त्यसै गर्दैनन् र? ४७ तिमीहरूले आफ्ना दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढ़ी के गऱ्यौ र? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र? ४८ यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।" ("जसरी परमेश्वर आफ्नो ठाउँमा सिद्ध हुनुहुन्छ त्यसरी नै हामी आफ्नो ठाउँमा सिद्ध हुनुपर्छ"-एलेन जी ह्वाइट)।

उपर्युक्त कथनको मूल विषय हो कसैले एउटा गालामा चड्कन दियो भने अर्को गाला पनि थापि दिनु, वा कसैले पछ्यौरा माग्यो भने कमिज पनि दिनु वा कसैले दुई किलोमिटर हिंड्न कर गऱ्यो भने चारै किलोमिटर हिंडिदेऊ। झट्ट हेर्दा यो अर्थनबर्थको मौलिक नीति जस्तो लाग्छ। तर यहाँ समाजमा थिचोमिचो गर्ने प्रबृत्तिको बिरुद्धमा क्रान्तिकारी काम र सकारात्मक कदम चाल्न येशूले सिकाइरहनुभएको थियो। उहाँका धेरैजसो श्रोतावर्गहरूले भोग्नुपर्ने वाध्यताप्रति आफू अनजान नभएको येशूले देखाउनुभएको थियो। समाजमा आफूभन्दा ठूलो, प्रतिष्ठित, धर्मगुरु, मालिक जस्ता वर्गले कमजोर वर्गलाई थिचोमिचो र हिंसात्मकतवरले दमन गर्ने वा होच्याउने प्रवृत्ति लादिएको थियो। कतिपय समयमा गृहस्थी चलाउनुपर्दा आफ्ना जमीन वा जायजेथालाई धरौटिमा राखेर जमिन्दारहरूलाई सुम्पनुपर्दथ्यो। ब्याजै ब्याजको पहाड थुप्रिन्दा

धरौटि निकाल्न नसक्दा वा सापट लिएको पैसा फिर्ता दिन नसक्दा निर्धन मानिसहरू ती जमिन्दार तथा मालिकहरूको कमैया वा दास बन्नुपर्दथ्यो। कतिपय समयमा विदेशी सेना रोमीहरूको डर करकापमा परेर तिनीहरूको सेवा गर्नुपर्दथ्यो वा तिनीहरूको थिचोमिचोमा कडा परिश्रम गर्नुपर्दथ्यो। तिनीहरूलाई आफ्नो इमान्दारी र सच्चाइ देखाएर काम गर्नु, ती शोषकहरूलाई तिनीहरूले पाउनुपर्ने व्यवहारभन्दा असल व्यवहार गरेर देखाउनु भनेर येशूले सिकाउनुभएको थियो। आफ्ना शोषकहरूसँग प्रतिस्पर्धा नगरि वा तिनीहरूको अगाडि आफ्नो भाऊ नखोज्नु, जोरि नखोज्नु जसले गर्दा अनाहकमा मानिसहरूको ज्यान नजाओस् भन्ने येशूको शिक्षा थियो। हो, समाजका शोषक वर्ग चाहे तिनीहरू सामन्तीवर्ग नै किन नहुन् वा धर्मको नाउँमा पेलिने धर्मगुरुहरू नै किन नहुन् तिनीहरूले आफ्नो शक्ति लगाएर दमन गर्दा तिनीहरूलाई कसरी जवाफ दिने भन्ने स्वतन्त्रता सर्वसाधारणलाई येशूले देखाउनु भएको थियो। अहिंसाद्वारा र उदार बनेर ती सामन्ती वा शोषक वर्गहरूको व्यवहारलाई प्रतिकार गर्दा तिनीहरूको अन्याय र दमनको खराब वा दुष्ट नीतिको भन्डाफोर हुन्थ्यो।

**माथि मत्ती ५:३८-४८सँग रोमी १२:२०,२१ तुलना गर्नुहोस्। हामीले हाम्रो जीवन संसारको नीतिसम्मत नभएको तर येशूले देखाउनुभएको मौलिक, आदर्श, सर्वोत्कृष्ट र क्रान्तिकारी नीतिहरूलाई कसरी लागु गरेर चल्ने? हेर्नुहोस् पावलको पनि शिक्षा, रोमी १२:२०,२१ "२० बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ। त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ।" २१ खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित।"**

**धर्मशास्त्रका सबै व्यवस्था, नीति र अगमवक्ताहरूका वा हामीले व्याख्या गरेका पवित्र शास्त्र वा पुरानो करारलाई एउटै सुनौलो नीतिमा झार्नुभएको थियो "सबै कुरामा अरूले तिमीहरूलाई कस्तो व्यवहार गरेको तिमीहरू चाहन्छौ त्यसरी नै तिमीहरूले तिनीहरूलाई व्यवहार गर" (मत्ती ७:१२ रूपान्तरित)। जुनसुकै मोल चुकाउनुपरेतापनि येशूले यहाँ दिनुभएको निर्देशन पालन गर्न अहिले नै तपाईंले प्रयास गर्न कसरी प्रतिवद्धता जनाउनु हुन्छ?**

## ३. असल सामरी

एक दिन येशूकहाँ एक जना धर्मशास्त्रको पण्डित आएर एउटा प्रश्न गरे। उनको प्रश्नको जवाफमा पुरानो करार अर्थात् धर्मशास्त्रकै आधारमा दुई

**नीतिहरू प्रस्तुत गर्न उनलाई दिइएको थियो। सबैको निम्ति सम्माननीय, मौलिक तथा आदर्श जीवन बिताउने नीतिलाई संक्षेप्तमा त्यसमा प्रस्तुत गरिएको छ। ती दुई नीतिहरू कसरी एक आपसमा जोडिएका छन्? हेर्नुहोस् लूका १०:२५-२७ "२५ व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खड़ा भए, र यो प्रश्न गरे, "गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ? २६ उहाँले तिनलाई भन्नुभयो, "व्यवस्थामा के लेखिएको छ? तिमीले के पढ्यौ? २७ तिनले भने, "तिमीले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।" तिनीसित सहमत हुँदै येशूले भन्नु भयो "२८ उहाँले तिनलाई भन्नुभयो, "तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ।" (लूका १०:२८)।**

येशूको सिकाउने शैलीमा केही न केही भिन्नता थियो। जब उहाँलाई कसैले प्रश्नहरू गर्थे उहाँ जवाफमा प्रश्नकर्ताभन्दा अलगै जवाफहरू दिनुहुन्थ्यो। त्यस पण्डितको प्रश्न उनैबाट लेबी १९:१८लाई उतार्न लगाउनुभएको थियो। त्यसमा "आफ्नो छिमेकीलाई आफू जस्तै प्रेम गर्नु" भनेर लेखिएको छ। त्यसबेलाका धर्मगुरु तथा धर्मात्मा हुँ भन्ने मानिसहरूले "छिमेकी भनेको के हो" भनेर अनेकौं बादविवाद र तर्क गरेर समय बिताउँथे। "छिमेकीलाई प्रेम गर्नु" भन्ने नीति कतिसम्म र कहाँसम्म लागु हुनुपर्छ भनेर तिनीहरू सोच्दथे।

उहाँका भक्तहरूले त्यो धारणामा छिमेकी भनेको केवल नजिकको मानिस मात्र नभएर प्रत्येक व्यक्ति समावेश भएको हुन्छ र सबैको भलो गर्ने नीतिलाई फराकिलो पारामा बुझ्न येशूले सिकाउनुभएको थियो। उहाँले भन्नुभयो, "म तिमीहरूलाई भन्दैछु, तिम्रो शत्रुलाई प्रेम गर। जसले तिमीलाई सताउँछ त्यसको निम्ति प्रार्थना गर्नु। त्यसो गर्दा तिमीहरू स्वर्गमा रहनुहुने पिताका छोराछोरीहरू कहलाइनेछौ। दुष्टलाई होस् वा असललाई होस्, उहाँले घाम दिनुहुन्छ। धर्मात्मालाई होस् वा अधर्मीलाई होस् उहाँले पानी वर्षाउनुहुन्छ" (मत्ती ५:४४,४५ रूपान्तरित)।

जब व्यवस्थाका धुरन्धर पण्डितले येशूलाई जाँच्न "मेरो छिमेकी को हो त?" (लूका १०:२९) भनेर सोधे, उनको प्रश्नको जवाफमा उनैलाई झटारो हानिएको थियो। त्यसको प्रत्युतरमा येशूले असल सामरीको कथा भन्नुभयो। पण्डितको प्रश्नको जवाफमा येशूले "छिमेकी" शब्दको परिभाषा दिनुभएन तर उहाँले भन्नुभयो, "जाऊ, तिमीले पनि त्यसै गर अर्थात् तिम्रो

सहयोगको अपेक्षा गर्नेको निम्ति तिमी छिमेकी होऊ" ( अर्थात् लूका १०:३६, ३७ "३६ येशूले सोध्नुभयो, "तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो? ३७ तिनले भने, "त्यस मानिसमाथि दया देखाउनेचाहिँ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर")।

**लूका १०:३०-३७मा असल सामरीको कथा लेखिएको छ। त्यहाँ डाँकुको मारमा परेका एक जना यहूदीलाई तिन जना पात्रहरूले देखेका थिए। ती पात्रहरूमा के फरक स्वभाव थियो? हेर्नुहोस् "३० येशूले जवाफ दिनुभयो, "एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो डाँकूहरूको फेला पऱ्यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड़ेर गए। ३१ संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो। ३२ त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो। ३३ तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो। ३४ र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरूमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढ़ाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गऱ्यो। ३५ भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, "यिनको हेरचाह गर, र अरू बढ़ी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु"।" ३६ येशूले सोध्नुभयो, "तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो त? ३७ तिनले भने, "त्यस मानिसमाथि दया देखाउनेचाहिँ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर।"**

येशूको शिक्षामा एउटा साझा कुरो थियो। धर्मी भनेर कहलाउने, धर्मगुरु भनेर कहलाउने तर दुःख परेकाहरूलाई वेवास्ता गर्ने ती धर्मात्मा भनेर चिनाउन चाहनेप्रति उहाँको चर्को आक्रोस तथा आलोचना लक्षित हुन्थ्यो। "असल सामरीको कथामा सत्य धर्म के हो त्यसको स्वभावलाई येशूले चित्रण गर्नुभएको थियो। विधिविधान पालन गरेर, धर्मशास्त्रका पण्डित भएर, धार्मिक मत वा प्रणालीमा बसेर वा धार्मिक शिक्षादीक्षा पालन गरेर होइन तर अरूलाई माया गरेर देखाउने, अरूको उच्च हित चिताउने र स्वच्छ मनले अरूको उपकार गर्नु नै सही धर्म हो भनेर येशूले स्पष्ट पार्नुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ४९७बाट रूपान्तरित। समाजबाट अछुत मानिएका, बहिस्कृत, परमेश्वरलाई विश्वास नगर्ने मानिसलाई औंल्याएर

परमेश्वरका जन हौं भनेर दावी गर्ने प्रत्येकले उसको अनुसरण गर्नुपर्छ भनेर येशूले सिकाउनुभएको थियो। जसरी उहाँलाई सुन्ने प्रथम् श्रोतावर्गहरूलाई दिइएको आज्ञा अनुसार अनन्त जीवनमा सहभागी हुन हामीले पनि आवश्यक परेका जुनसुकै मानव प्राणीकहाँ गएर सहयोग गर्न येशूले हामीलाई अऱ्हाउनुभएको छ।

## ४. धनी मानिस र लाजरस

येशूले धनी मानिस र लाजरसको दृष्टान्त वा अर्तीकथा भन्नुभएर दुई खालका मानिसहरूको बिपरीत जीवनको बारेमा भन्नुभएको थियो (लूका १६:१९-३१)। एक जना अत्यन्तै धनी र अर्को अत्यन्तै गरिबको कथा उल्लेखनीय छ। त्यस युगमा सामाजिक सेवाका निकायहरू थिएनन्, सामाजिक अस्पतालहरू थिएन, गरिबहरूलाई सामूहिकरूपमा ख्वाउने चलन थिएन, अपाङ्ग, घरबारबिहिन र फाइदाबाट बञ्चित हुनेहरूको हितको निम्ति केही प्रावधान वा व्यवस्था थिएन। त्यसकारण त्यस्ता मानिसहरूले धनी मानिसहरूबाट उदार सहयोग पाएर कष्टबाट राहत पाउने अपेक्षा गर्दै तिनीहरूको घरदैलो अगाडि आउने चलन थियो। येशूले भन्नुभएको यस कथामा त्यस धनी मानिसले "उसका पीडित भाइको आवश्यकताप्रति स्वार्थीभएर उदासिनता देखाएको थियो"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्*, पृ. २६१बाट रूपान्तरित। यस संसारमा तिनीहरू बाँचुञ्जेल तिनीहरूको परिस्थिति बदलिएको थिएन। मरेपछि परमेश्वरको न्यायमा पर्दा तिनीहरूको स्थिति नाटकीयरूपमा उल्टिन गएको थियो।

**लूका १६:१९-३१ र लूका १२:१३-२१मा दुई भिन्न कथाहरू येशूले भन्नुभएको पाइन्छ। ती कथाका पात्रहरू फरक फरक भएतापनि त्यहाँ के साझा विषयबस्तु छन् जसले हामीलाई के सिकाउन खोजिएको छ? हेर्नुहोस्ः लूका १६:१९-३१ "१९ एक जना धनी मानिस थियो, जो बहुमूल्य वस्त्र र मिहीन मलमल लगाएर दिनहुँ मोजमज्जामा बस्तथ्यो। २० उसको ढोकामा लाजरस नाउँको एक जना गरीब मानिसलाई ल्याएर राखिदिन्थे। त्यो घाउैघाउले भरिएको थियो। २१ त्यस धनी मानिसको टेबिलबाट झरेका टुक्राटाक्री खाएर लाजरसले आफ्नो पेट भर्ने इच्छा गर्थ्यो। कुकुरहरूले पनि आएर त्यसका घाउहरू चाट्थे।**

**२२ त्यो गरीब मानिस मऱ्यो, र स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको साथमा राखे। त्यो धनी मानिस पनि मऱ्यो र गाडियो। २३ नरकमा**

कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेर्‍यो र टाढ़ामा अब्राहाम र उनको साथमा लाजरसलाई देख्यो। २४ अनि उसले कराएर भन्यो, "हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औँलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु।" २५ तर अब्राहामले भने, "छोरो, याद गर, तैंले आफ्नो जीवनकालमा असलअसल कुराहरू भोग गरिस्, र त्यसै गरी लाजरसले दुःखैदुःख भोग्यो। त्यो अब यहाँ आराममा छ, र तँचाहिँ कष्टमा छस्। २६ यी सबै कुराबाहेक यहाँबाट तँकहाँ पारि जान खोज्नेहरू जान नसकून् र त्यहाँबाट यहाँ हामीकहाँ वारि आउन पनि नसकून् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति गहिरो खाल्दो छ।" २७ उसले भन्यो, "पिता, यसैकारण म तपाईंलाई बिन्ती गर्दछु, तपाईंले त्यसलाई मेरा बाबुको घरमा पठाइदिनुहोस्, २८ किनभने मेरा पाँच भाइ छन्, र त्यसले तिनीहरूलाई चेताउनी देओस्, नत्रता तिनीहरू पनि यस कष्टको ठाउँमा आउलान्।" २९ तर अब्राहामले भने, "तिनीहरूका साथमा मोशा र अगमवक्ताहरूका पुस्तक छन्। तिनीहरूले ती सुनून्।" ३० तर उसले भन्यो, "होइन, पिता अब्राहाम, मरेकाबाट कोही एक जना तिनीहरूकहाँ गयो भनेता तिनीहरूले पश्चात्ताप गर्नेछन्।" ३१ उनले उसलाई भने, "मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्"।" र लूका १२:१३-२१ "१३ भीड़बाट एक जनाले उहाँलाई भन्यो, "गुरु, मेरा दाज्यूलाई भनिदिनुहोस्, र तिनले अंशबन्डा गरिदेऊन्।" १४ तर उहाँले त्यसलाई भन्नुभयो, "मित्र, कसले मलाई तिमीहरूमाथि न्याय गर्ने अथवा तिमीहरूको सम्पत्ति बाँड़िदिने तुल्यायो? " १५ उहाँले तिनीहरूलाई भन्नुभयो, "होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकि मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन।" १६ उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो, "कुनै एक जना धनी मानिसको जमिनमा प्रशस्त उब्जनी भयो। १७ त्यसले मनमनै गुन्न लाग्यो, "मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरूँ? १८ तब त्यसले भन्यो, "म यसो गर्नेछु" आफ्ना ढुकुटीहरू भत्काएर झन् ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालसामान त्यहीं राख्नेछु। १९ अनि म आफ्नो प्राणलाई भन्नेछु, "ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्"।" २० तर परमेश्वरले उसलाई भन्नुभयो, "ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो

**निम्ति थुपारेको छस्, ती कसको हुने? " २१ आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुन्छ।"**

ती धनी मानिसहरू कुनै गलत काम गरेर वा भ्रष्टाचार गरेर धनी भएका थिए भन्ने कुनै प्रमाण त्यहाँ छैन। सायद तिनीहरू दुवैले अत्यन्तै कडा परिश्रम गरेका होलान्, तिनीहरूको धनसम्पत्ति आदि व्यवस्थितढंगले होशियारसाथ राखेका थिए होलान् साथै तिनीहरूलाई परमेश्वरले आशिषै दिनुभएको होला। तर तिनीहरूको जीवनको मूल्यमान्यता, मनस्थितिप्रति, परमेश्वरप्रति, पैसाप्रति र अरूप्रतिको धारणामा केही गलत वा त्रुटि हुनपुग्यो होला जसले गर्दा तिनीहरूले उल्लेखनीय मोल चुकाउनुपर्‍यो साथै अनन्त जीवन पनि गुमाउनुपर्‍यो।

त्यस समयमा मानिस मरेपछि के हुन्छ भन्ने धारणाको चित्रणबाट यस संसारमा हामी जुन निर्णय गरेर चल्छौं त्यसले अर्को संसार वा अनन्त जीवनमा असर पर्छ भनेर सिकाउन येशूले धनी मानिस र लाजरसको कथा भन्नुभएको हो। हामीहरूको दैलोमा आएर हामीसँग सहायता माग्ने वा अभावमा परेकाहरूलाई उपकार गर्ने वा नगर्ने हाम्रो मनस्थितिले हामीहरूको निर्णय र प्राथमिकता केमा छ भन्ने देखाउँछ। "अब्राहम"ले कष्ट भोगीरहेका धनी मानिसलाई यो औँल्याएका थिए कि बाइबलमा नै चाहिनेभन्दा प्रसस्त नीतिनिर्देशनहरू छन् जसले मानिस अर्थमूलक र श्रेष्ठ जीवन बिताउन सक्दछः "तिनीहरूसँग मोशा र अगमवक्ताहरू छन्। तिम्रा भाइहरूले तिनीहरूलाई नै सुनुन्" (लूका १६:२९ रूपान्तरित)।

(धन आफै दुष्ट वा खराब होइन। धनी हुनु नराम्रो होइन। परमेश्वर आफैले छ दिनसम्म परिश्रम गर भनेर यस संसारमा पाप आउनुभन्दा अगाडि आदेश दिनुभएको थियो। पावलले पनि एफिसी ४:२८मा एफिसीका विश्वासीहरूलाई आफ्नै हातले काम गरेर कमाऊ र अभाव भएकाहरूलाई सहयोग गर्ने होऊ भनेर आग्रह गरेका थिए-अनुवादकको थप जानकारी)। तर धन थुपार्ने प्रलोभनमा वा धनी हुने प्रतिस्पर्धामा र धनकै पछिमात्र लागिरहने मनस्थिति वा संस्कारले हामीलाई परमेश्वरको राज्यबाट टाढा राख्न सक्छ, आफूभन्दा विपन्नवर्गलाई हेप्ने प्रवृत्ति हुनसक्छ, स्वार्थकेन्द्रित हुनसक्छ र आफ्नो खुट्टामा आफै उभिएर मैले धन कमाएको छु, अरूको वास्ता गर्न मैले नैतिक जिम्मेवारी लिएको छैन भन्ने जस्ता फुर्तिले हामीलाई छोप्न सक्दछ भनेर येशूले हामीलाई सिकाउन खोज्नुभएको थियो। उहाँको राज्यको पहिले खोजि गर वा चाहना गर र हामीले पाएका आशिषहरू हाम्रा वरिपरिरहेकाहरू विशेष

गरेर अभावमा परेकाहरूको उत्थानको निम्ति बाँडचुड गर भनेर येशूले हामीलाई आह्वान गर्नुभएको थियो।

**तपाईंको आर्थिक अवस्था जस्तो भएतापनि, पैसा र पैसाकोमात्रै लोभमा फसेर येशूभक्तिको मुख्य ध्यानबाट बिचलित नहुन तपाईं कसरी सचेत हुने?**

## ५. सानाभन्दा साना यिनीहरू

एक दिन येशूका चेलाहरूले उहाँलाई आफ्ना जिज्ञासा राखेका थिए। त्यसको जवाफ तिनीहरूले अपेक्षा गरेको भन्दा एकदम फरक थियो। उहाँले तिनीहरूको जवाफ छोटकरीमा नदिइकन लामो व्याख्या गरेर दिनुभएको थियो। त्यो त उहाँको प्रवचनै भएको थियो जुन मत्ती २४ र २५मा उल्लेख गरिएको छ। यरुशलेम मन्दिरको बिनाश र येशूको दोस्रो आगमनको बारेमा जिज्ञासा राख्दै उहाँसँग ती चेलाहरूले यी प्रश्न गरेका थिए "१ त्यसपछि येशू मन्दिरबाट निस्केर जान लाग्नुहुँदा उहाँका चेलाहरू उहाँलाई मन्दिरका भवनहरू देखाउन भनी उहाँको नजिक आए। २ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले यी सब देख्छौ, होइन त? साँच्चै, म तिमीहरूलाई भन्छु, "एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ।" ३ येशू जैतून डाँड़ामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ?"

तिनीहरूको प्रश्नको जवाफ विस्तृतरूपमा दिनुभए पछि त्यसको निष्कर्षमा उहाँले भन्नुभएको थियोः भोकाहरूलाई ख्वाऊ, तिर्खा लागेकोलाई पिउन देऊ, अपरिचित वा विदेशीहरूको स्वागत गरि अतिथि सत्कार गर, नाङ्गोलाई लुगा देऊ, बिरामीहरूको सेवा गर र कैदमा परेकाहरूलाई सान्त्वना दिन भेट्न जाऊ। येशूले चेलाहरूलाई विश्वस्त पार्दै भन्नुभएको थियो "साना भन्दा साना यी मेरा भाइ (वा बहिनिहरूलाई) जे गर्‍यौ त्यो तिमीहरूले मलाई नै गरेको हुन्छ। तर यिनीहरूलाई तिमीहरूले सहायता गरेनौ भने मलाई नै वेवास्ता गरेको ठहरिन्छ!" (मत्ती २५:४०, ४५ "४० तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ।"...४५ तब उनले (राजाले) तिनीहरूलाई जवाफ दिनेछन्, "साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ।"

येशूको उपर्युक्त शिक्षा युगको अन्तमा हुने न्यायको चित्रणसँग गाँसिएको छ। चेलाहरूको प्रश्नको जवाफ विस्तृतरूपमा येशूले मत्ती २४मा सिधै जवाफ दिनुभएको थियो। यरुशलेमको बिनाश र युगको अन्त अगाडि हुने चिन्हहरू देखेर सचेत रहन उहाँले तिनीहरूलाई भन्नुभएको थियो। येशूको दोस्रो आगमनको प्रतिज्ञालाई आत्मसात् गरेर आफ्नो जीवन उचितरूपमा बिताउनु र चनाखो भएर बस्नु भनेर उहाँले जोड दिनुभएको थियो। मत्ती २५को पहिलो भागम येशूले बुद्धिमानी र मूर्ख कन्याहरूको बारेमा अर्तीकथा भन्नुभएको थियो। दुलाहा नचिताएको बेलामा आउने वा ढिलो आउन सक्ने भएतापनि त्यसको निम्ति तयार भइरहन ती कन्याहरूबाट अपेक्षा गरिएको थियो। येशू आउनुहुन्छ भनेर हात बाँधेर नबस्न बरू सक्रिय र उपलब्धीमूलक जीवन बिताएर बस्नु आवश्यक छ भनेर तिन नोकरहरुको कथाले उहाँले देखाउनुभएको थियो। अनि भेंडा र बाख्राहरूको अर्तीकथामा येशूका भक्तहरू कुन काम गरेर व्यस्त हुनुपर्छ भनेर जोड दिनुभएको थियो।

**मत्ती २५:३१-४६मा येशूले यहाँ हामीलाई के भनिरहनुभएको छ? यद्यपि यो धर्मकर्म वा उपकार गरेर मुक्ति पाउने होइन भनेर पनि किन बुझ्नुपर्छ? तैपनि हामीमा येशूमाथि विश्वास र आस्था छ भनेर देखाउन उहाँको वचनहरूले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्: "३१ जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। ३२ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। ३३ उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। ३४ तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, "आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।" ३७ तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, "हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौंरु अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौंरु अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा**

देख्यौं, र तपाईंकहाँ आयौं? " ४० तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ।" ४१ त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, "श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ। ४२ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ। तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ। ४३ म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौ। नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र झ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ।" ४४ तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, "प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा झ्यालखानमा देख्यौं, र तपाईंको सेवा गरेनौं? " ४५ तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, "साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ। ४६ तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्"।" (येशूको उक्त कथनमा "मेरा भाइहरू भन्दा विशेष गरेर उहाँलाई विश्वास गर्नेहरूलाई जनाउँछ अर्थात् येशूभक्तको परिवार। येशूलाई विश्वास गर्छु भन्नेले उहाँका विश्वासका परिवारहरूको सेवा गर्ने प्राथमिकता पाउनुपर्छ। यसको सबूद प्रमाण यूहन्ना २०:१७मा यसरी दिइएको छ "१७ येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ। तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु"।" यहाँ "मेरा भाइ" भनेर येशूले सम्बोधन गर्नुहुँदा उहाँका चेलाहरू जो पिता परमेश्वर र येशूको परिवारमा समावेश हुन चाहेका थिए। उहाँले आफ्नो पुनरुत्थानको समाचार अरू सर्वसाधारण वा धर्मगुरुहरूलाई भन भनेर अऱ्हाउनुभएको थिएन। विश्वासका परिवारको सर्वोच्च हित गर्न प्राथमिकता पाउनुपर्छ तर अरूहरू छिमेकी भएको हुनाले तिनीहरूप्रति पनि येशूका विश्वासीहरूले ध्यान दिनु आवश्यक र जरुरी छ-अनुवादकको जिकिर)।

जब हामीहरूको सेवा गर्छौं तब उहाँलाई नै सेवा गरिरहेका हुन्छौं भन्ने येशूको कथनले हामीहरूको अरूसँगको सम्बन्ध र मनिस्थितिमा आमूल परिवर्तन आउनुपर्छ भनेर देखाउँछ। खानाको निम्ति येशूलाई घरमा निम्त्याउनु वा उहाँलाई अस्पतालमा भेट्न जानु वा झ्यालखानामा हेर्न जाने कल्पना

गर्नुहोस्। जब हामीले हाम्रो समूदायका मानिसहरूको सेवा गर्छौं तब तिनीहरू पनि परमेश्वरकै स्वरुपमा सृष्टिभएकोले (उत्पत्ति ९:६) येशूलाई नै सेवा गरेको उहाँले ठहऱ्याउनुभएको छ। कस्तो विश्वासै गर्न नसक्ने शुभअवसर हो? येशूका जन र अरूको सेवा गर्नु भनेकै उहाँको सेवा गर्नु हो रे?

**येशूले भन्नुभएको माथिका कुराहरूलाई प्रार्थनापूर्वक फेरि पढ्नुहोस्। समाजका विपन्न, गरिब, कमजोर, भोका, नाङ्गा र कैदमा जाकीरहेका मानिसहरूसँग उहाँको ऐक्यवध्दता अर्थात् तिनीहरूसँगै उहाँ पनि दुःख पाइरहनुभएको हुन्छ भन्ने आत्मज्ञानलाई हामीले कसरी बुझ्ने? जब हामी येशूको निम्ति जीउन चाहँछौं र अर्थमूलक जीवन बिताउन चाहन्छौं भने समाजमा हामीहरूको भारी जिम्मेवारी हुन्छ भन्ने त्यसले कसरी प्रभावकारीरूपमा हामीलाई देखाउँदछ?**

## उपसंहार

**थप जानकारीः** यस अध्यायलाई थप सहयोग गर्न एलेन जी ह्वाइटद्वारा लिखित थप सामग्रीहरू पढ्नु उपयुक्त हुन्छः *द डिजाएर एजेजको* पृ. ४९७-५०५को अध्याय "द गुड सामरिटन" र पृ. ६३७-६४१को "द लिस्ट अभ दिज माई ब्रेथरेन" र *क्राइष्ट अबजेक्ट लेसनसको* पृ. २६०-२७१को "अ ग्रैट गल्फ फिक्स्ड" र पृ. ३७६-३८९को "हु इज माई नेबर।"

"मानिस मानिसको बीचमा भएका प्रत्येक पर्खाललाई येशूले भत्काउनुभएको थियो। स्वार्थले गर्दा र राष्ट्रहरूमा भएका विभिन्न जातजाति आदिको पूर्वाग्रहले मानिस जातिलाई टुक्र्याइ दिएको छ तर सारा मानिसहरूलाई एउटै मानव परिवार हुन् भनेर उहाँले सिकाउनुभएको छ। स्वार्थिपनाले गर्दा मानिसहरूको साँघुरो घेरामा रहने प्रवृत्तिबाट उहाँले तिनीहरूलाई उचाल्नुभएको छ। उहाँले समाजका सबै क्षेत्रीय र मानव निर्मित कृतिम भिन्नतालाई अन्त्य गर्नुभएको छ। छिमेकी वा आफन्त नहुनेहरू, परदेशी वा अपरिचित, मित्र वा शत्रुहरूको बीचमा उहाँले कुनै भेदभाव गर्नुभएको छैन। अभावको मारमा परेका प्रत्येक मानव प्राणी हाम्रो छिमेकी र सारा संसार हाम्रो काम गर्ने क्षेत्र हो भनेर उहाँले हामीलाई सिकाउनुभएको छ।"-एलेन जी ह्वाइट, *थ थटस फ्रम माउन्ट अभ ब्लेशिङ्ग,* पृ. ४२बाट रूपान्तरित।

"इसाई आस्थाको सही मापदण्ड सुनौलो नियम हो। येशूलाई विश्वास गर्छु भन्नेले यो भन्दा कम नीति अपनायो भने त्यो नीति कमसल र धोकापूर्ण हुन जान्छ। कुनै पनि धर्म जसले मानिसलाई तल्लो स्तरमा राख्न उक्साउँछ, मानिसहरूको आवश्यकताप्रति वेवास्ता गर्न सिकाउँछ, तिनीहरूको दुःखकष्टमा साथ दिँदैन र तिनीहरूको हकहितको सुरक्षा दिँदैन त्यो धर्म नक्कली, खोटो, जालि र झुट्टा हो। तर येशूले मानिसहरूलाई उच्च मूल्यमान्यतामा राख्नुभयो, तिनीहरूको उत्थान गर्न उहाँ आफै मर्नुभयो। त्यसले गर्दा कसैले कुनै मानवप्राणीलाई कमसल, तल्लो स्तरको ठानेर व्यवहार गर्छ भने त्यो येशूले सिकाउनुभएको आदर्श बिपरीत हुन्छ। गरिब वा विपन्न वर्ग, दुःखकष्टमा परेकाहरू र पापीहरूप्रति आँखा चिम्लन्दा हामीले येशूलाई गद्दारी गरिरहेका हुनेछौं। जब मानिसहरूले येशूको नाउँ लिन्छन् (व जय मसीह भन्छन्) तर तिनीहरूको जीवनबाट उहाँको चरित्रलाई खण्डन वा अस्वीकार गर्छन् तब यस संसारमा इसाई धर्मको शक्ति कमसल हुन जान्छ।"-एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग, पृ. १३६बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. यस अध्यायमा तपाईंले पढ्नुभएको अंशहरूमध्ये तपाईंलाई मन पर्ने अंश कुन् हो र किन?**

**आ. "यदि जुनसुकै धर्म वा आस्थाले मानिसहरूको आवश्यकता, दुःखकष्ट हकहितको अवमूल्यन गर्न सिकाउँदछ त्यो धर्म वा विश्वास खोटो वा धोका दिने धर्म हो" भनेर एलेन जी ह्वाइटले भन्नुभएको कथनलाई तपाईं के भन्नुहुन्छ? हामीसँग सत्य छ त्यही भएपुगिहाल्छ अरू केही गर्नुपर्दैन भनेर हात बाँधेर बस्ने धरापमा नपर्न हामी कसरी सचेत हुने?**

**इ. सत्यलाई अङ्गाल्दा हामीहरूमा जिम्मेवारी आउँछ भन्ने कुरा पाँचौं बुँदाले कसरी देखाउँछ?**

**सारांश:** जो मानिस परमेश्वरको राज्यमा छ भनेर स्वीकार गर्छ त्यो मानिसको नागरिकता त्यस राज्यको हुनेभएकोले त्यस राज्यको प्रतिनिधित्व वा राजदूत हुन भिन्नै खालको जीवनशैली अपनाउन येशूले सिकाउनुहुन्छ। पुरानो करारको पवित्र धर्मशास्त्रको जग निर्माण गर्दै गरिब, अन्याय अत्याचारमा परेका, बिपन्न, पीडित, दुःखकष्टमा जाकिएका, दविएका, शोषित वर्ग आदिको उत्थान गर्न र तिनीहरूलाई करुणा र दया देखाउन र उहाँको जीवनशैली अपनाउन येशूले उहाँका चेलाहरूलाई आह्वान गर्नुहुन्छ।

## कथा ८
## हुरी बतासमा परमेश्वरका स्वर्गदूतहरू
## आनी पेमा, ४८, न्यु क्यालेडोनिया

साउथ पासिफिक टापुहरूको देश न्यु क्यालेडोनियको सहरमा आनी पेमा भन्ने बालिका सेभेन्थ-डे एडभेन्टिस्ट घरमा जन्मेकी थिइन्। उनी त्यही आस्थामा हुर्केकी थिइन्। तर जब उनी १६ वर्षकी भइन्, तब चर्च जान छोडिन् र आफ्नो केटो साथी लियोनसँग रहन घरबाट बाहिर निस्किन्। तिनीहरूको दुई छोराछोरी भए।

लियोन रक्सी पिउँथ्यो। प्रायजसो ऊ रक्सीले मातेर घरमा आउँथ्यो र घरमा ठूलो झगडा हुन्थ्यो। कहिलेकाहि उसले आफ्ना साना छोराछोरीहरूलाई कुट्थ्यो पनि।

एक दिन लियोन चिच्याउँदै घर आउँदै गरेको आनले देखिन्। तिनीहरूको घर न्यु क्यालोडेनियाको राजधानी नौमियाको पहाडी इलाकामा थियो। जब आफ्नो श्रीमान कराउँदै घरमा आउँदै गरेको आनले देखिन् उनलाई थाहा भयो कि उनी रक्सीले मातेर आइरहेका छन्। अलि अलि पानी पर्दैथियो। मौसमविदहरूले त्यो रात चक्र आँधी इरिकाले सहरलाई तहसनहस पार्नेछ, त्यसकारण घरभित्रै बस्नु भनेर सूचना दिएका थिए।

जड्याँहा श्रीमानसँग आफ्नो घरमा अड्किरहनु आनलाई मन परेन। उनले आफ्नी ३ वर्षकी छोरी मोर्गेन र ८ महिनाको छोरो लियोन्स जुनिएरलाई घरबाट बोकेर कारमा चढाइन्। तिनीहरूलाई कारमा राखेर कार हाकिन्।

कार चलाउँदा चलाउँदै बीचबाटोमा पेट्रोल सिद्धियो। कारलाई एउटा रुख नजिकै पार्क गरिन्। उनी कहाँ थिइन् यो उनलाई थाहा थिएन तर हुरीबतासबाट आफू सुरक्षित भएको महसुस भने गरेकी थिइन्। त्यसबेला अत्यन्नै प्रचण्ड आँधी आयो र कारलाई हान्यो। कारभित्र अत्यन्तै चिसो थियो। आफूसँग न्यानो ओड्नेहरू नल्याएको आनीलाई बल्ल थाहा भयो।

उनले आफ्नी छोरीहरूलाई हेरिन्। लामो यात्रापछि तिनीहरू मस्तसँग सुतिरहेका थिए। अनि उनले धेरै वर्षपछि पहिलोपल्ट परमेश्वरलाई सम्झिन्। "हे प्रभु, तपाईं जिवित हुनुहुन्छ भनेर मलाई र मेरा छोराछोरीहरूलाई यस रात सुरक्षा गर्नुहोस् भनि म बिन्ती गर्छु" परमेश्वरलाई उनले बिन्ती गरिन्। जब प्रार्थना सकियो हृदयमा धेरै पीडा भएको महसुस उनले गरिन्। धेरै वर्ष परमेश्वरलाई वास्ता नगरेकोले उहाँले उनको प्रार्थना सुन्नुहोला जस्तो उनलाई लागेको थिएन। उनी कारभित्रै बसिरहेकी थिइन्। एक छिनपछि आफू बसेको

चालकको सिटमा पछाडितिर ढल्किन्। अनि ऐनाबाट आकाशमा हेरिन्। उनले आँखा चिम्लिन् र फेरि हेरिन्। अचम्म तरिकाले बादल खोल्यो र निलो आकाश देखा पर्‍यो।जब उनले आकाशमा जे देखिन् त्यसले उनको सातो पुत्लो लियो। त्यहाँ त हजारौं स्वर्गदूतहरू घुमिरहेको पो उनले देखिन्। कारको भित्रबाट घाँटी ठाडो पारेर माथि हेरिन्। आकाशमाथि परमेश्वरको सिहांसन छ कि भनेर हेरिन्। अनि आकाशदेखि उनको कारसम्म भर्‍याङ ठडिएको उनले देखिन्। त्यो भर्‍याङ त बिशाल डोरीको भएको जस्तो थियो। तिन जना स्वर्गदूतहरू भर्‍याङबाट तल झरे। तिनीहरू अत्यन्तै चम्किला सेता थिए। त्यस्तो चमक उनले कहिल्यै पनि देखेकी थिइनन्। तिनीहरूका अनुहारहरू उनले स्पष्टरूपमा देख्न सकिनन्। तिनीहरू अग्ला थिए र तिनीहरूका पखेटाहरू थिए। सेतो प्रकाशमा तिनीहरू अत्यन्तै चहकिलो देखिन्थे। एउटा स्वर्गदूत उनको कारको अगाडि उभिए। उनले आफ्नो बिशाल पखेटा कारको पछाडिसम्म पुग्ने गरि फिजाए। दुई स्वर्गदूतहरू कारको दुईतिर उभिए। तिनीहरूका पखेटाहरूले कार ढाकेको थियो।

आनी भएभित भइन् र डरले काँप्न थालिन्। अनि बालक भएको टोकरी हल्लाएको जस्तै कार हल्लिएको थाहा पाइन्। कारभित्र रमाइलो न्यानोपनाले भरियो।

तुरन्तै उनको डर हरायो र उनले एक किसिमको शान्ति भएको महसुस गरिन्। उनका आँखाहरूलाई निन्द्राले  छोप्यो र उनी मस्त निन्द्रामा परिन्।

जब विहानीभयो तब चराहरूको चिरिबिरी स्वरले गर्दा आनी व्युँझिन्। कारको ऐनाबाट बाहिर हेर्दा आकाशबाट भर्‍याङ फेरी ओर्‍लेको देखिन्। स्वर्गदूतहरूले तिनीहरूका पखेटाहरू दोबारे र भर्‍याङबाट माथि उक्ले।

जब स्वर्गदूतहरू गए तब आनी काँम्न थालिन्-डरले होइन तर जाडोले। उनको कारमा भएको न्यानोपना बिलाएर गएको थियो।

त्यहाँ जे भयो त्यसले गर्दा उनको हृदयमा ठूलो प्रभाव पार्‍यो। उनको प्रार्थनाको अचम्म तरिकाले जवाफ पाएको उनले महसुस गरिन्। त्यसैबेला उनले येशूलाई आफ्नो हृदय सुम्पिन्।

"प्रभु अब म सांसारिक जीवनमा फेरि फर्किने छैन। मेरो जीवन तपाईंको निम्ति जिउने प्रतिज्ञा गर्छु" भनेर उनले प्रार्थना गरिन्।

जसोतसो गरेर अलिअलि तेलको भरले आनीले कार आफ्नी आमाको घरमा पुर्‍याइन्। उनी पोइला गएकीले आमाले वर्षौंसम्म उनीसँग बोलेकी थिइनन् र केही सहायता पनि गरेकी थिइनन्। तर अचानक आफ्नी छोरी

घरमा आउँदा उनले सबै कुरा विर्सेर धेरै वर्षपछि छोरीलाई अङ्कमाल गर्दै घरमा भित्राइन्। कारमा तेल हाल्न पनि उनले पैसा दिइन्।

आनी आफ्नो घर फर्किन्। उनको घर चक्र आँधीबाट बचेको देखिन्। उनका छिमेकीका कतिपय घरहरू त्यस आँधीले कुनै न कुनै रूपमा नोक्सान पुऱ्याएको थियो। उनले कतिपय युवाहरूले मनपर्ने कपाल झ्याप्ले भएको सङ्गितकार बब मार्लीको फोटो भित्ताबाट च्यातिन् र भित्तामा झुन्ड्याइ राखेका गाँजाहरू पनि थुतिन्। आफ्नो सबै गरगहनाहरू जम्मा गरिन् र आगोमा फ्याँकि दिइन्।

जब लियोन्स कामबाट घरमा फर्के घरको आँगनमा आगो बलिनै रहेको थियो। उनी अक्कनबक्क परेर आगोको ज्वाला हेरेर ठिङ्ग उभिए। आनीले आफ्नो हृदय येशूलाई दिएको कारणले अब उहाँबाट टाढा राख्ने कुनै पनि सांसारिक कुराबाट हात धोए भनेर उनलाई निर्धक्कसँग भनिन्। गत रात कहाँ थियौ भनेर लियोन्सले उनलाई सोधे। "गत रात तिमी र छोराछोरीहरू कहाँ थियौ? जब म घरमा आएँ तब घरमा कोही पनि थिएन" लियोन्सले सोधे। उसलाई घरमा रक्सीले मातेर चिच्याउँदै आउँदै गरेको देखेकोले उनीसँग झगडा गर्न नचाहेकोले छोराछोरीहरू लिएर भागेको कुरा नडराइकन आनले सुनाइन्। टाउको हल्लाएर लियोन्सले भने "ए, म कहाँ हो त? हिजो मैले रक्सी खाएकै थिइन।" आन परमेश्वरको सेवा गर्ने प्रतिज्ञालाई पालन गर्न प्रतिबद्ध भइन्। उनले लियोन्ससँग बिधिपूर्वक विवाह गरिन् र फेरि बप्तिस्मा लिइन्। उनी बेथानी सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा डिकनेस भइन् र त्यही पदमा उनी धेरै वर्षदेखि चर्चको सेवा गरिरहेकी छिन्।

जब लियोन्सले आनीबाट स्वर्गदूतको कथा सुने तब आफ्नो हिंसात्मक व्यवहार त्यागे र अहिले आनीले उनको बप्तिस्माको निम्ति प्रार्थना गरिरहेकी छिन्।

तिनका छोराछोरीहरू अहिले ठूला ठूला भइसकेका छन्। अचम्मको रातको कथामा तिनीहरू पनि सहभागी भएका थिए भनेर तिनीहरूलाई पत्यार लाग्न गाऱ्हो हुन्थ्यो। त्यस्तै खालको अनुभव अहिले पनि गर्न पाए हुन्थ्यो भनेर तिनीहरू चाहन्छन्। तिनीहरूले सक्छौ भनेर आनीले भन्दछिन्।

"यदि तिमीहरूले परमेश्वरसँग राम्रो सम्बन्ध राखेर उहाँसँग कुरा गऱ्यौ भने उहाँले तिमीहरूलाई आफ्नै तरिकाले प्रकट गर्नुहुनेछ" आश्वस्त भएर आनले आफ्ना छोराछोरीहरूलाई सुनाउँछिन्।

*-आन्ड्र्यु मेकचेस्नी*